# सुदूरपश्चिमाञ्चल विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालय,
# महेन्द्रनगर कञ्चनपुर ।

## ४ वर्षे स्नातक तह व्यवस्थापन संकाय वि.वि.एस. चौथो वर्षको मौका परीक्षा सम्वन्धी अत्यन्त जरुरी सूचना ।

**सूचना प्रकाशित मिति : २०७९ । ०३ । २९ गते**

सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ (संशोधन सहित २०७९) को परिच्छेद ४ को नियम ४.१.६. मा "बार्षिक परीक्षा प्रणाली अन्तर्गत स्नातक तह व्यवस्थापन सङ्काय (वि.वि.एस.) चौथो वर्षको परीक्षामा बढीमा **दुई** विषयमा मात्र अनुत्तीर्ण भएका तर अन्य सम्पूर्ण अगिल्ला वर्षका परीक्षाहरु उत्तीर्ण गरेका" विद्यार्थीहरुले मौका परीक्षा दिन पाउने व्यवस्था भए अनुसार सुदूरपश्चिम विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय महेन्द्रनगरद्वारा २०७९ सालमा सञ्चालन हुने वार्षिक परीक्षा प्रणाली अनुसार ४ वर्षे स्नातक तह व्यवस्थापन सङ्काय **(वि.वि.एस)** ***चौथो*** वर्षका मौका परीक्षा दिन पाउने परीक्षार्थीहरुले आ-आफ्नो क्याम्पस/विभागमा **मिति २०७९ श्रावण ६ गते** सम्म निम्नानुसार परीक्षा आवेदन फाराम भरी बुझाउन हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## निम्न

१. क्याम्पसले **मौका परीक्षार्थी** भए नभएको यकिनगर्न अगिल्लो पटक सोही वर्ष/खण्डको परीक्षा दिएको लब्धाङ्क पत्र हेरी रोल नम्बर र वर्ष फारामको निर्दिष्ट ठाउँमा अनिवार्य लेख्नु पर्ने छ ।

२. **क्याम्पस/विभागले फाराम बुझाउनु अगाडि :** सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ (संशोधन सहित २०७९) को परिच्छेद ४ को नियम ४.१.६. मा "वार्षिक परीक्षा प्रणाली अन्तर्गत स्नातक तह व्यवस्थापन सङ्काय (वि.वि.एस.) चौथो वर्षको परीक्षामा बढीमा **दुई** विषयमा मात्र अनुत्तीर्ण भएका तर अन्य सम्पूर्ण अगिल्ला वर्षका परीक्षाहरु उत्तीर्ण गरेका" विद्यार्थीहरुले मौका परीक्षा दिन पाउने व्यवस्था भए अनुसार अगिल्ला सबै वर्षको लब्धाङ्क पत्रहरू रूजु गरेर यथार्त विवरण यकीन गरी परीक्षार्थीले परीक्षा दिन पाउने २ विषय मात्र भर्न भराउनु पर्ने छ । अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन । विद्यार्थीले भरेका प्रत्येक फाराम रुजु गरी अंग्रेजी वर्णानुक्रमानुसार स्पष्ट लगत राखी एक प्रति प्रिन्ट सहित CD मा अथवा प.नि.का. को ईमेल ठेगाना **info@fwuexam.edu.np** मा राखी उपलब्ध गराउनु पर्ने छ ।

३. फाराम परीक्षार्थी स्वयम्ले भरी बुझाउनु पर्ने छ ।

४. परीक्षा दिने सैद्धान्तिक विषय छुट्याई कोड नम्बर सहित पुरा नाम स्पष्ट खुलाएर लेख्नु पर्ने छ

५. परीक्षार्थीले हालसालै खिचेको दुईप्रति एकनासको पासपोर्ट साइजको फोटो टाँसी फोटो र फाराममा समेत पर्ने गरी क्याम्पस प्रमुख/विभागीय प्रमुखको हस्ताक्षर हुनु पर्ने छ ।

६. क्याम्पस/विभागको हकमा :- पहिलो म्याद सकिएको २ दिनभित्र नै परीक्षा दस्तुर रकम बुझाएको बैङ्क भाउचर सु.प.वि.प.नि.का. को नबिल बैङ्क महेन्द्रनगरको खाता नम्बर २९०१०१७५००४२४ या नेपाल बैङ्क लिमिटेड महेन्द्रनगरको खाता नम्बर १५६००१०६८७४६६९००००००१ मा एकमुस्ट दस्तुर रकम तिरेको बैङ्क भाउचर सहित परीक्षा आवेदन फाराम परीक्षा नियन्त्रण कार्यालयमा अनिवार्य रुपमा बुझाई सक्नु पर्नेछ ।

७. साधारण म्याद सकिएको ७ दिन भित्र (**मिति २०७९ श्रावण १३ गते सम्म**) दोब्बर दस्तुर लिई फाराम बुझिनेछ ।

८. परीक्षा दिने सैद्धान्तिक र प्रयोगात्मक विषय छुट्याई कोड नंवर सहित पुरा नाम स्पष्ट खुलाएर लेख्नु पर्ने छ ।

९. परीक्षा शुल्क प्रति वर्ष/खण्ड स्नातक तह (वार्षिक) लाई रु. ९००

१०. प्रयोगात्मक शुल्क प्रति वर्ष/खण्ड प्रति विषय स्नातक तहका लागि रु २०० का दरले लाग्ने छ ।

११. थप जानकारिका लागि प.नि.का.को **Website: www.fwuexam.edu.np, या exam.fwu.edu.np** मा पनि हेर्न सकिनेछ ।

परीक्षा नियन्त्रक